## **आकस्मीक महिला कोष परिचालन सम्बन्धि कार्यबिधि**

**कार्यपालिकाबाट पारित मिति: २०७४/१२/०६**

आकस्मिक **महिला** कोषको स्थापना र सञ्चालन सम्वन्धी स्थानीय तहमा कानून बनाउन वाञ्छनीय भएकोले , स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम अन्नपूर्ण गाउँपालिकाको लागि यो कार्यबिधि बनाईएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " अन्नपूर्ण गाउँपालिका आकस्मिक **महिला** कोष सञ्चालन कार्यबिधि , २०७४" रहेको छ ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस **कार्यबिधिमा**

क. "आकस्मिक **महिला कोष** भन्नाले महिलाको लागी विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्छ ।

ख. "कार्यपालिका" भन्नाले अन्नपूर्ण गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ग. "गाउँ सभा " भन्नाले अन्नपूर्ण गाउँ सभा सम्झनु पर्छ ।

**आकस्मीक महिला कोष परिचालन सम्बन्धि कार्यबिधि**

**३.यस कोषमा देहाय अनुसारको समिति रहनेछन**

वडा अध्यक्ष – संरक्षक
वडा सदस्य महिला - खुल्ला– संयोजक
वडा सदस्य महिला (दलित) – सदस्य
संरक्षकले तोकेको स्थानीय आमा समुह अध्यक्ष वा प्रतिनिधि एकजना – सदस्य
स्थानीय स्वास्थ्य सस्था महिला प्रतिनिधि –सदस्य
दलित सञ्जालबाट महिला प्रतिनिधि –सदस्य
अल्पसंख्यक, सिमान्तकृत वा प्रितिनिधि समाजसेबी महिला एक जना –सदस्य
स्थानीय बिघालयको शिक्षिका – सदस्य सचिव

**बुदा नम्वर ४**

कोष परिचालन समिति जनसख्या र भूगोल हेरि सख्या ७ देखि ९ सम्म बनाउन सकिने छ ।

**बुदा नम्वर ५**

आर्थिक अबस्था कमजोर भएका दलित महिला पिछडिएका सम्पूर्ण जात जातिका महिलाहरुको स्वास्थ उपचार सुत्केरी गराउन उपचार सुत्केरी पोषण तथा प्रोत्साहन भत्ता लगाएतका क्षेत्रमा समितिको निर्णय अनुसर खर्च गर्न सकिने छ।

**बुदा नम्वर ६**

आकस्मिक कोष परिचालन प्रस्ताबित कार्यबिधि मातहतमा रहि आबश्यकता अनुसार परिचालन तथा कार्यान्वयन गर्ने गराउने पूर्ण अधिकार समितिमा अन्तरनिहित रहने छ।

**बुदा नम्वर ७**

कोष परिचालन भए गरेका सम्पूर्ण आबश्यक कागजात समितिले लिई सम्वन्धित वडा कार्यालय मार्फत स्थानीय सरकार समक्ष पेश गर्नुपर्ने छ।

**बुदा नम्वर ८**

कोष रकम परिचालन गरी बाँकी रहने भएमा सोको जानकारी सहित उक्त बाँकी रकम सोहि समितिको कोषमा रहने छ र नयाँ आएमा प्राप्त थप रकम जोडी समितिद्धारा नै पुन सोहि प्रयोजनमा परिचालन गर्न सकिने छ।

**बुदा नम्वर ९**

कोष रकम समितिको सयोजक र सदस्य सचिवको सम्युक्त खाता रहने गरी सरकारी मान्यता प्राप्त बैकमा खाता सन्चालन गर्नुपर्ने छ। बाँकी आबश्यकता मौज्दात रकम समितिको सल्लाह अनुसार समितिको सदस्यले जिम्मा लिन सकिने छ।

**बुदा नम्वर १०**

कोष दुरुपयोग भए नभए  बारे सम्बन्धित स्थानीय सरकार वा वडा कार्यलयले नियागमन तथा निगरानी राख्न सक्ने छ। कोष दुरुपयोग भए गरेको पाइएमा वडा कार्यलयको सिफारिसमा स्थानीय सरकारले दुरुपयोग भएको रकम प्रमाणित भएमा सोको असुलउपर जरिवाना स्थानीय सरकारले गर्न सक्ने छ।

**११. अनुगमन तथा प्रतिवेदन सम्वन्धमा :**

(क) यो कार्यबिधि अनुसार गरिएका काम कारवाहीको लागि गाँउपालिका बाट अनुगमन गरिनेछ ।

(ख) यो कार्यबिधि अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन गाँउ कार्यपालिकामा पेश गरिनेछ ।

**१२.संशोधन तथा परिमार्जन सम्वन्धमा** :

(क) गाँउपालिका आकस्मिक कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाँउ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

(ख)यस कार्यबिधिमा उल्लेख गरिए बाहेकका कुराहरु गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।